खडक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर,सप्तरी
मधेश प्रदेश,नेपाल

# स्थानीय राजपत्र

**खडक नगरपालिकाद्वारा प्रकाशित**

खण्डः९ संख्याः३ सभा वाट पारित मिति : २०८२/०३/३१

प्रमाणिकरण मिति : २०८२/०८/०३

# खडक नगरपालिकाको सार्वजनिक-निजी साझेदारी ऐन, २०८२

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

उडक नगरपालिका नगर कार्यपालिकाको कार्यालय

# खडक नगरपालिकाको सार्वजनिक-निजी साझेदारी ऐन, २०८२

**प्रस्तावना :**

सार्वजनिक-निजी साझेदारीको माध्यमवाट आर्थिक, सामाजिक विकास, पूर्वाधार संरचनाको निर्माण, संचालन, व्यवस्थापन तथा सामाजिक र सार्वजनिक सेवा प्रवाह गरी रोजगारीको अवसर सृजना गरी, स्थानीय तथा आन्तरिक श्रोत साधनलाई अधिकतम प्रयोग गरी गरिवी निवारणमा सहयोग पुऱ्याउदै देशको कुल ग्राहस्थ उत्पादनमा बृद्धि गर्दै मुलुकको वृहत सामाजिक तथा आर्थिक विकास गर्न तथा सर्वसाधारणलाई भरपर्दो किफायती र सर्वसूलभ रुपमा सेवा सुविधा उपलव्ध गराउने सम्वन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ को उपधारा (१) र स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) वमोजिमको खडक नगरपालिकाको नगरसभाले यो ऐन वनाएको छ ।

## परिच्छेद (१)
## प्रारम्भिक

(१) **संक्षिप्त नाम र प्रारम्भ :**

१. यस ऐनको नाम "खडक नगरपालिकाको सार्वजनिक-निजी साझेदारी ऐन, २०८२" रहेको छ ।

२. यो ऐन नगर सभाबाट पारित भई राजपत्रमा प्रकाशन भएको मितिदेखी प्रारम्भ हुनेछ ।

३. यो ऐन खडक नगरपालिकाभर लागु हुनेछ ।

(२) **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "नगरपालिका" वा "स्थानीयतह" भन्नाले खडक नगरपालिकालाई सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले खडक नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले कार्यपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले खडक नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ङ) "नगर प्रमुख" भन्नाले खडक नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(च) "उप-प्रमुख" भन्नाले खडक नगरपालिकाको नगर उप-प्रमुखलाई सम्झनु पर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले खडक नगरपालिका नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ज) "सदस्य" भन्नाले खडक नगरपालिकाको कार्यपालिका सदस्यलाई सम्झनु पर्छ ।

(झ) "अनुमति-पत्र" भन्नाले परीयोजना कार्यान्वयन गर्न दिएको अनुमति-पत्र सम्झनु पर्छ ।

(ञ) "अनुमति-पत्र प्राप्त व्यक्ति" भन्नाले आयोजना कार्यान्वयन गर्न अनुमति-पत्र प्राप्त प्राकृतिक वा कानुनी व्यक्ति सम्झनु पर्छ ।

(ट) "अनुमानित आयोजना लागत" भन्नाले देहाय मध्ये जुन वढि हुन्छ सो लागतलाई जनाउने छ ।

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

(१) आयोजना कार्यान्वयन गर्ने निकायले सम्भाव्यता अध्ययनमा उल्लेख गरेको आयोजना विकासमा लाग्ने रकम वा,

(२) सम्भाव्यता अध्ययनका क्रममा उल्लेखित सार्वजनिक निकायबाट निजी निकायमा जाने जम्मा अनुमानित रकमको खुद वर्तमान मुल्य पछिल्लो सरकारी ऋणपत्रको दरमा २ प्रतिशत थप गर्दा हुनआउने रकम ।

(ठ) "परियोजना" भन्नाले सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गरिने नगरपालिका संग साझेदारीमा संचालन गरिने कार्यक्रम सम्झनु पर्दछ । यो शब्दले यसै ऐन बमोजिम कार्यान्वयन गरिने योजना, आयोजना वा कार्यक्रमलाई समेत जनाउनेछ ।

(ड) "निजी निकाय" भन्नाले सार्वजनिक-निजी साझेदारी अन्तर्गत आयोजना कार्यान्वयन गर्ने सार्वजनिक निकाय वाहेकको निकाय सम्झनु पर्छ । सो शब्दले प्रचलित कानुन बमोजिम स्थापना भएका फर्म, कम्पनी, सहकारी, गैरसरकारी संस्था, टोल विकास संस्था तथा सामुदायिक संस्था सम्झनु पर्छ ।

(ढ) "निर्माण" भन्नाले पुर्वाधार संरचनाको निर्माण विकास वा पुनर्स्थापना गर्ने कार्य सम्झनु पर्छ ।

(ण) "पुनर्स्थापना" भन्नाले मौजूदा पुर्वाधार संरचनाको मर्मत विस्तार वा पुनर्निर्माण गरी पुनर्स्थापना गर्ने कार्यलाई सम्झनु पर्छ ।

(त) "पूर्वाधार संरचना" भन्नाले स्थानीय स्तरका विकास आयोजनाहरु, सडक, पुल, कलभर्ट, अस्पताल, स्कुल, नहर, कुलो, प्रर्दशनी स्थल, खेल मैदान, पार्क, जलासय, बाध, ढल निकास, फोहोर मैला प्रशोधन तथा व्यवस्थापन प्लान्ट, पशुपंक्षी बधशाला, सिचाई तथा पर्यटनसंग सम्वन्धित संरचना, सार्वजनिक सभागृह,बहुआवासिय भवन, व्यवसायिक भवन, सार्वजनिक गोदाम घर, सम्झनु पर्छ, सो शव्दले यस्तै प्रकृतिका अन्य पूर्वाधार संरचना समेतलाई जनाउछ ।

(थ) "सम्झौता" भन्नाले आयोजना कार्यान्वयन गर्न बमोजिम नगरपालिकाले प्रस्तावकसंग गरिएको सम्झौता सम्झनु पर्छ ।

(द) "सर्वेक्षण" भन्नाले आयोजना कार्यान्वयन गर्नको लागि गरिने सर्वेक्षण सम्झनु पर्छ सो शव्दले आयोजनाको सम्भाव्यता अध्ययन, इन्जिनियरिंग डिजाईन र त्यसको लागि गरिने अन्वेषण समेतलाई जनाउने छ ।

(ध) "समिति" भन्नाले सार्वजनिक-निजी साझेदारी प्रबर्धन समिति सम्झनु पर्छ ।

(न) "साझेदारी" भन्नाले सार्वजनिक निजी साझेदारी अवधारणा अनुरुप कुनै कार्यक्रम वा आयोजनाको तर्जुमा, निर्माण, संचालन,व्यवस्थापन वा सम्भारका साथै आंशिक वा पूर्ण रुपमा वित्तिय लगानी गर्नेगरी नगरपालिका र निजी निकायबीच भएको करारीय प्रबन्ध सम्झनु पर्छ ।

(प) "साझेदार" भन्नाले नगरपालिका संग साझेदारीमा कार्यक्रम संचालन गर्नकालागि सम्झौता गर्ने प्रस्तावक सम्झनु पर्दछ ।

(फ) "सोझै प्राप्त भएको प्रस्ताव" भन्नाले समितिले आह्वान नगरेको तर इच्छुक निजी निकायवाट रोजगारी सृजना, गरीवी निवारण, उधमशिलता विकास, उत्पादन वृद्धि, सृजनशील, नवप्रबर्तन र नविनतम परियोजन पहिचान गरी कार्यान्वयनकालागि पेश गरिएको प्रस्ताव सम्झनु पर्छ ।

(ब) "शुल्क" भन्नाले अनुमति-पत्र प्राप्त व्यक्तिले सेवा सुविधा उपलब्ध गराए वापत उपभोक्तासंग लिने सेवा शुल्क सम्झनु पर्छ ।

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

(भ) “लाभग्राही”वा “लक्षित वर्ग” भन्नाले यस ऐन बमोजिमको सेवा सुविधा उपभोग गर्ने व्यक्ति तथा समुदायलाई सम्झनु पर्छ ।

(म) “प्रस्तावक” भन्नाले नगरपालिकासँग साझेदारीमा कार्यक्रम सञ्चालन गर्न प्रस्ताव पेश गर्ने व्यक्ति, कम्पनी, फर्म, गैरसरकारी, सामुदायिक, सहकारी वा अन्य संघ, संस्थालाई सम्झनुपर्छ ।

(य) “सामुदायिक संस्था” भन्नाले प्रचलित कानुन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको सामुदायिक संस्थालाई सम्झनु पर्दछ । यो शब्दले गरीवी निवारण कोष ऐन बमोजिम स्थापना भएका सामुदायिक संस्थालाई समेत जनाउनेछ ।

(र) “सरकार” भन्नाले संघिय, प्रदेश र स्थानिय सरकार समेतलाई जनाउनेछ ।

(ल) “तोकिएको” वा “तोकिए वमोजिम” भन्नाले यस ऐन अन्तर्गत वनेको निकायमा तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्दछ ।

## परिच्छेद २
## परियोजना पहिचान तथा स्विीकृती

**(३) सार्वनजिक-निजी लगानीमा आयोजना, कार्यकम कार्यान्वयन गर्न सकिने :**

१. नगरपालिकासँग मिलेर अल्पकालिन तथा दीर्घकालिन समयावधिको लागि लागत तथा प्राविधिक साझेदारीमा कुनै आयोजना तथा कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(क) यस ऐन बमोजिम संचालन हुने आयोजना तथा कार्यक्रमले नगरको रोजगारी सृजना, उत्पादन वृद्धि, नगरवासीको गुणस्तरीय जीवनयापनको लागि समाजिक परिचालन, आय आर्जन, क्षमता विकास, पुर्वाधार विकास, जिविकोपार्जन, लघु उधम विकास, वित्तिय पहुँचमा बृद्धि गरी गरिबी निवारण गर्ने तर्फ केन्द्रित हुनुपर्ने छ ।

(ख) साझेदारीमा संचालन गरिने आयोजना तथा कार्यकममा लागत न्यूनीकरण गरी भौतिक, आर्थिक तथा मानवस्रोत, साधनको अधिकतम उपयोग र प्रभावकारी परिचालन गर्ने ।

(ग) साझेदारीमा कार्यक्रम संचालन गर्नका लागि पहिचान भएका क्षेत्रहरुमा आवश्यक थप विषयगत प्राविधिक दक्षता भएका साझेदारसँग सहकार्य गर्ने ।

(घ) वृहत पूर्वाधार र ठुला आयोजनाको लागि स्रोत सुनिश्चित गर्ने ।

(ङ) सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गरिने कुनै नयाँ पुर्वाधार संरचनाको डिजाइन, निर्माण, विकास, संचालन वा व्यवस्थापन गर्ने, मौजुदा पुर्वाधार संरचनाको पुर्नस्थापना, आधुनिकीकरण, विस्तार, व्यवस्थापन तथा संचालन, विकास निर्माणको कार्य, प्राविधिक सहयोग, सार्वजनिक सेवा सुविधाको प्रवाह ।

(च) असल अभ्यास र अनुभवहरुको आदान प्रदान गर्ने ।

२. सार्वजनिक-निजी साझेदारीमा संचालन हुने कार्यकममा बाहेक आयोजनामा देहायका विशेषताहरु मध्ये अधिकांश विशेषताहरु समिश्रण भएको हुनुपर्नेछ ।

क. पूर्वाधार सेवाको निर्माण, पुर्नस्थापना वा आधुनिकिकरण गर्ने उद्देश्यका लागि निजी निकायको पूर्ण वा आंशिक पूँजी लगानी भएको,

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

ख. पुर्वाधार वा सेवाको संचालन, मर्मत वा सेवा प्रदान गर्ने गरी निजी निकायलाई जिम्मेवारी दिईएको वा संचालन वा मर्मत गर्ने गरी आयोजनाको व्यवस्थापन सम्झौता भएको,

ग. निजी निकायका पुर्वनिर्धारित मापनयोग्य मानक अनुसारको कार्यसम्पादनसंग आवद्ध भुक्तानीको व्यवस्था भएको ,

घ. निजी निकायवाट पूर्ण वा आंशिक रुपले आम्दानीको जोखिम व्यहोर्ने व्यवस्था स्वीकार गरिएका,

ङ. परियोजनाको सम्झौता अवधि स्पष्ट भएको,

३. कुनै परियोजना वा कार्यक्रम संचालन गर्न, नगरपालिकाले कानुन वमोजिम उठाउन पाउने कर संकलन गर्न तथा नगरपालिकाको कुनै सेवा उपलब्ध गराउनका लागी सार्वजनिक निजीसाझेदारीमा यस ऐन वमोजिम कार्य गर्न सकिनेछ ।

४. यो ऐनको जुनसुकै बुँदामा जेसुकै लेखीएको भएतापनी विगतमा सरकारले समुदायको सामाजिक, आर्थिक विकास लगायतका उदेश्य राखेर संचालन गरेका, नितिगत निर्णय गरी तहलाई संचालन, व्यवस्थापनको जिम्मा दिएका गरीवी निवारण कोषको कार्यक्रम लगायत कुनै विशेष परियोजना, योजना अथवा कार्यक्रम कुनै कारणले स्थानिय तहले आफै संचालन नगरी सार्वजनिक-निजी साझेदारी अन्तर्गत साझेदारसंग साझेदारी गरी संचालन गर्नुपरेमा त्यस्तो परियोजना, योजना, तथा कार्यक्रममा साझेदार संस्थाको योगदान अनिवाय गरिने छैन ।

सार्वजनिक निजी साझेदारीको अवधारणा अर्न्तगत साझेदारीमा संचालन गरिने कार्यक्रमको विषयगत क्षेत्र यस नगरपालिकाले कार्यविधि बनाएर तय गर्नेछ ।

(४) **सार्वजनिक-निजी साझेदारीका ढाँचाहरु :** ऐनको दफा (३) को अधिनमा रहि सार्वजनिक-निजी साझेदारीका ढाँचाहरु देहाय वमोजिम हुनसक्नेछन् ।

क. संचालन पूँजी वाहेक निजी लगानी आवश्यक नपर्ने प्रकृतिको संचालन तथा व्यवस्थापन करार,
ख. न्युन वा उल्लेखनिय निजी पूँजी आवश्यक पर्ने निर्माण, स्वामित्वकरण, संचालन र हस्तान्तरण करार,
ग. माथि खण्ड (क) वा (ख) मा उल्लेखित करारका अन्य रुपहरु

(५) **आयोजना पहिचान गर्ने :**

१. समितिले सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गर्न सकिने आयोजना पहिचान गरी विवरण अद्यावधिक वनाई राख्नेछ ।

२. उपदफा (१) वमोजिम विवरण राख्दा सानिसा समितिले सम्भाव्यता अध्ययन भए, नभएको आयोजनाको छुट्टाछुट्टै विवरण राख्नुपर्नेछ ।

३. नगरपालिकाले उपदफा (१) बमोजीम परियोजना पहिचान गर्दा समितिको राय लिन सक्नेछ ।

(६) **प्राथमिकता निर्धारण गर्ने :**

१. समितिले सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गरिने आयोजनाको प्राथमिकता निर्धारण गर्नेछ ।

२. उपदफा (१) वमोजिम आयोजना कार्यान्वयनको प्राथमिकता निर्धारण गर्दा देहायका क्षेत्रलाई प्राथमिकतामा राखिनेछ ।

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

क. आयोजना पुल, कल्भर्ट, सडक, बिधुत उत्पादन, प्रसारण र वितरण, खानेपानी, शौर्य उर्जा, वैकल्पिक उर्जा विकास आयोजना, सिंचाई, खेल मैदान, कबर्डहल जस्ता संरचनाको भौतिक पूर्वाधार निर्माण,

ख. हाट बजार, पशु बधशाला, कृषि उपज संकलन तथा प्रशोधन केन्द्र, भण्डारण र वितरण सम्बन्धी पूर्वाधारहरु, व्यावसायिक गोदाम, भवन, शहरी पिउने पानी, फोहोर मैला व्यवस्थापन, ढल निकास, र सरसफाई सम्बन्धि पूर्वाधारहरु

ग. मनोरञ्जन पार्क निर्माण, व्यवस्थापन एवं संचालन,यातायातका संरचना, प्रर्दशनि स्थल, आदि

घ. शिक्षा, स्वास्थ्य, सेवा, पर्यटन विकास, हरियाली पार्क, कृषि आयोजना, कृषि नहर, जलासय, बाध, बन, ईनार, कुँवा पोखरी जस्ता पानीको स्रोत संरक्षण र व्यबस्थापन, पानीको स्रोत रिचार्ज गर्ने पुर्वाधार निर्माण, भूमिगत सिंचाई

ङ. रोजगारी सिर्जना, सीप विकास, गरिवी निवारण, नवप्रवर्तन, घरेलु उधोग, कृषि उत्पादन बृद्धि संग सम्बन्धित कार्यक्रम र पुर्वाधारहरु

च. नगरवासीलाई सेवा र सुविधा उपलब्ध गराउने शहरी पूर्वाधार अथवा समितिवाट संचालन गर्न उपयुक्त ठहर गरिएको अन्य योजना ।

३. उपदफा (२) मा जे सुकै लेखिएको भएतापनि योजना, परियोजना वा कार्यक्रमको प्राथमिकता निर्धारण गर्दासरकारले स्थानिय तहलाई हस्तान्तरण गरेको, सरकारले नीति तथा कार्यक्रममा समेटेको, बर्तमान संविधान जारी भएर पुरानो संरचना खारेज भै नयाँ गठन हुँदा स्थानिय तहको एकल वा साझा अधिकार क्षेत्र र जिम्मेबारी भित्र परेको, निरन्तरता नदिदा प्राप्त उपलब्धी समाप्त हुने जोखिम रहेको, सरकारले स्थानिय तहको योजनामा समेटनु भनी तोकेको योजना, परियोजना तथा कार्यक्रमलाई आयोजना कार्यान्वयनको प्राथमिकता निर्धारण गर्दा पहिलो प्राथमिकतामा राखिनेछ ।

**(७) सार्वजनिक-निजी साझेदारी आयोजना छनौटका आधारहरु :**

१. कुनै योजना सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गर्ने,नगर्ने देहायका आधारमा तय गरिनेछ ।

क. स्थानीय तहले यस्तो आयोजनाको लागत व्यहोर्न सक्ने अवस्था भए वा नभएको,

ख. आयोजनाको कार्यान्वयनका लागि गरिएको खर्च वा लागानीबाट सार्वजनिक स्तरका गुणात्मक लाभ प्राप्त हुने अवस्था भए वा नभएको ।

ग. आयोजना आर्थिक रुपमा सम्भाव्य भए वा नभएको ।

घ. जोखिम र लाभको उचित बाँडफाँड हुने अवस्था भए वा नभएको ।

२. सार्वजनिक-निजी साझेदारी वमोजिम कुनै आयोजना कार्यान्वयनका लागि सार्वजनिक-निजी साझेदारीको ढाँचा छनौट गर्दा देहायका कुराहरुलाई ध्यान दिनुपर्नेछ ।

क. आयोजनाको उद्देश्य पुरा हुने उपयुक्त स्वरुप भएको ।

ख. आयोजनाको लागि निजी निकायको साधन श्रोत उपलब्ध भएको ।

ग. परीयोजनाको डिजाइन, लगानी, निर्माण, संचालन वा मर्मत सम्भारमा निजी निकायले वहन गर्न सक्ने भुमिका भएको ।

घ. सम्भावित लागानीकर्ताहरुद्वारा स्वीकार गर्न सक्ने अवस्था रहेको ।

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

ङ. उपभोक्ता तथा समुदायले स्वीकार गर्न सक्ने सेवा शुल्क भएको ।

च. वित्तिय संस्था तथा लागानीकर्ताहरुद्वारा स्वीकार गर्न सक्ने अवस्था रहेको ।

छ. लाभ तथा जोखिम बाँडफाँडको स्वरुप निर्धारण भएको ।

ज. नगरपालिकाको आर्थिक तथा व्यवस्थापकीय क्षमता भएको ।

झ. आयोजना सम्झौताको अवधि उल्लेख भएको ।

ञ. सार्वजनिक-निजी साझेदारी सम्झौता कार्यान्वयन गर्न सक्ने मानव संसाधन उपलब्ध भएको ।

(८) **परियोजना स्वीकृत गराउनु पर्ने :**

१. समितिले दफा (६) को उपदफा (२) मा उल्लेखित आयोजना सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गर्न उपयुक्त देखेमा तोकिए वमोजिमका विवरण खुलाई कार्यपालिकावाट स्वीकृत गराउनु पर्नेछ ।

२. उपदफा (१) वमोजिम आयोजना स्वीकृत गराउँदा उक्त आयोजना कुन तरिकावाट कार्यान्वयन गर्न सकिने हो सो समेत उल्लेख गर्नुपर्नेछ ।

३. कुनै आयोजना एकभन्दा वढि तरिकावाट कार्यान्वयन गर्न सकिने भए एक भन्दा वढी तरिका उल्लेख गरी स्वीकृत गराउन सकिनेछ ।

४. दफा (६) को उपदफा (२) मा उल्लेखित आयोजनाहरु बाहेक अन्य आयोजना सानिसा समिति आफैले स्वीकृत गरी अघि वढाउन सक्नेछ ।

५. यस दफा वमोजिम स्वीकृत भएका आयोजनाहरु नगरपालिकाको वजेट तथा वार्षिक कार्यक्रममा समावेश गरिनेछ ।

(९) **सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन नगरिने आयोजना :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायका आयोजना सार्वजनिक-निजी साझेदारी माध्यमवाट कार्यान्वयन गरिने छैन ।

क. आयोजना सम्वन्धि वित्तिय, प्राविधिक वा संचालन सम्वन्धि जोखिम निजी निकायलाई हस्तान्तरण नगरी निजी क्षेत्रबाट कुनै काम वा सेवा प्राप्त गर्ने उदेश्यवाट संचालन हुने,

ख. सार्वजनिक सम्पती वा दायित्वको निजीकरण हुने,

ग. सरकारी स्वामित्वको उद्यम खडा गरी सार्वजनिक कामको व्यापारिकरण हुने,

घ. सार्वजनिक कार्यको लागि निजी निकायबाट प्रदान गरिएको दान, चन्दा वा उपहार प्राप्त हुने ।

ङ देशको सुरक्षा सम्वन्धि प्रावधानहरु समावेश हुने आयोजना ।

च. स्थानीय सरकारले सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन नगरिने भनी तोकेको आयोजनाहरु

छ. सार्वजनिक हितका दृष्टिले सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गर्न नहुने आयोजनाहरु ।

(१०) **आशय-पत्र आह्वान गर्न सक्ने :**

१. दफा (८)बमोजिम स्वीकृत परीयोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न तोकिएका कुराहरु खुलाई सार्वजनिक रुपमा समितिले सूचना प्रकाशन गरी आशय-पत्र आह्वान गर्न सक्नेछ ।

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

(२) उपदफा (१) बमोजिम आशय-पत्र पेश गर्न चाहने प्रस्तावकले देहायका विवरणहरु खुलाई सोही उपदफा बमोजिम प्रकाशित सूचनामा तोकिएको समयावधि भित्र समिति समक्ष आशय-पत्र पेश गर्नु पर्नेछ ।

क) आशय-पत्र पेश गर्ने कार्यालय वा निकाय,

ख) आशय-पत्र पेश गर्ने अवधि,

ग) आशय-पत्रमा खुलाउनु पर्ने विवरण,

घ) आशय-पत्र साथ संलग्न गर्नु पर्ने कागजातहरु,

ङ) प्रस्तावकको प्राविधिक तथा आर्थिक क्षमता

च) तोकिए बमोजिमका अन्य विवरण ।

(३) प्रस्तावना पेश गर्न छनौटमा परेका प्रस्तावकहरुसँग तोकिएका विषयहरु खुलाई तोकिएको अवधिभित्र तोकिएको ढाँचामा प्रस्तावना आह्वानको लागि सुचना प्रकाशित गर्नेछ ।

(४) प्रस्ताव आह्वान गर्ने सूचनाको ढाँचा, आवेदन पत्र तथा प्रस्तावको ढाँचा तोकिए बमोजिम हुनेछ ।

(११) **संक्षिप्त सूची तयार गर्ने** :दफा १० को उप-दफा २ बमोजिम आशय-पत्र प्राप्त भएको मितिले तीस (३०) दिन भित्र तोकिएको आधारमा आशय-पत्रको मूल्यांकन गरी तोकिएको प्रक्रिया बमोजिम आशय-पत्र पेश गर्ने व्यक्ति, संस्था वा समूह व्यक्तिहरु छनौट गरी सो को संक्षिप्त सूची तयार गर्नु पर्नेछ ।

(१२) **प्रस्ताव आह्वान गर्न सक्ने** :

(१) समितिले दफा ११ बमोजिम संक्षिप्त सूची तयार गरेपछि सो सूचीमा परेका आशय-पत्र पेश गर्ने प्रस्तावकबाट आयोजना, परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा तोकिएका कुराहरु खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्ने प्रस्तावकलेतोकीए बमोजिमको विवरणहरु खुलाई सोही उपदफा बमोजिम प्रकाशित सूचनामा उल्लेखित समयावधिभित्र समिति समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ ।

(३) प्रस्ताव आह्वान गर्ने सूचनाको ढाँचा, आवेदनपत्र तथा प्रस्तावको ढाँचा तोकिए बमोजिम हुनेछ ।

(१३) **सोभै प्रस्ताव आव्हान गर्न सक्ने** :दफा १२ मा जुनसुकै कुरा लेखिएको भएतापनि पहिले नै सम्भाव्यता अध्ययन भएको वा तोकिएको भन्दा कम लागतको परियोजना भए समितिले नगरपालिकाको सिफारिसमा तोकिएको कुराहरु खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी सोभै प्रस्ताव आव्हान गर्न सक्नेछ ।

(१४) **प्रस्तावको मुल्यांकन र छनौट गर्ने** :

१. दफा १२ र १३ बमोजिम समिति समक्ष प्रस्ताव प्राप्त भएको मितिले ६० दिनभित्र देहायका आधारमा समितिले प्रस्ताव छनौट गर्नेछ ।

क. प्रस्तावको आर्थिक हैसियत र प्राविधिक क्षमता,

ख. नगरपालिकालाई बुझाउने प्रस्तावित रोयल्टी रकम वा उपभोक्ता संग लिने प्रस्तावित शुल्क,

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

ग. परीयोजनाको वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन,

घ. नविनतम वा उन्नत प्रविधिको प्रयोग,

ङ. तोकिए वमोजिमको अन्य विवरण,

२. उपदफा (१) बमोजिम समितिले प्रस्ताव पेश गर्नु अघि प्रस्ताव छनौटका आधारहरु प्रस्तावकलाई उपलब्ध गराउनेछ ।

३. उपदफा (१) बमोजिम छनौट भएका प्रस्तावको जानकारी ७ दिन भित्र प्रस्तावकलाई दिनुपर्नेछ ।

**(१५) वार्ताद्वारा परीयोजना कार्यान्वयन गर्न सक्ने :**

१. यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कम्तीमा दुईपटक आशय-पत्र वा प्रस्ताव आह्वान गर्दा पनि आवश्यक संख्यामा आशय-पत्र वा प्रस्ताव छनौट हुन नसकेको परियोजना समितिले नगरपालिकाको सिफारिसमा वार्ताद्धारा कार्यान्वयन गराउन सक्नेछ ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको कुनै कारणले कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गर्न मनासिव हुने भनी समितिले स्वीकृति दिएमा त्यस्तो परीयोजना वार्ताद्वारा कार्यान्वयन गराउन सकिनेछ ।

क. आयोजनाको प्रकृति वा लागतको कारण प्रतिस्पर्धा हुन सक्ने सम्भावना नभएको,

ख. नयाँ अवधारणा वा प्रविधि समावेश भएको,

ग. अन्य कुनै कारणले वार्ताद्वारा परीयोजना कार्यावयन गर्न उपयुक्त भएको,

घ. स्थानीय सामुदायिक संघ/संस्थावाट कार्यान्वयन गरिने तोकिएको रकम सम्म अनुमानित आयोजना लागत भएको ।

ङ. नेपाल सरकार समेतको लगानीमा स्थानिय संघ, संस्थाद्वारा समुदाय स्तरमा संचालन हुँदै आएको र स्थानिय तहलाई निरन्तरता दिनु भनी नेपाल सरकारले तोकी पठाएको कुनै परीयोजना ।

३. उपदफा (२) बमोजिमको कुनै परीयोजना वार्ताद्वारा कार्यान्वयन गर्न चाहने व्यक्ति वा संस्थाले तोकिएको कुराहरु खुलाई नगरपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

४. उपदफा (३) वमोजिम प्राप्त भएको निवेदन जाँचवुझ गर्दा वार्ताद्वारा परीयोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा समितिले निवेदकसँग वार्ता गरि कार्यान्वयन गराउनेछ ।

५. यस दफा वमोजिम वार्ताद्वारा आयोजना कार्यान्वयन गर्दा समितिले निवेदकसग दफा (१९) वमोजिमको तथा अन्य आवश्यक विवरण माग गर्न सक्नेछ ।

**(१६) सोझै प्राप्त भएको प्रस्ताव मार्फत आयोजना कार्यान्वयन गर्न सकिने :**

१. समितिले निजी निकायवाट सोझै प्राप्त भएका प्रस्तावलाई ऐन वमोजिम कार्यान्वयन गर्न सक्नेछ ।

२. उपदफा (१) वमोजिमको प्रस्ताव देहायको अवस्थामा स्वीकार गर्न सकिनेछ ।

क. प्रतिस्पर्धात्मक प्रकृया वाट प्रस्तावदाता छनौट हुन नसकेको आयोजना,

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

ख. आयोजनालाई कुनै व्यक्तिका स्वामित्वमा रहेको बौद्धिक सम्पत्ति वा प्राविधि आवश्यक भएमा सो आयोजनाको लागि प्रस्ताव गर्ने प्रस्तावदाताहरुसंग मात्र यस्तो बौद्धिक सम्पत्ति वा प्रविधि रहेको भएमा वा

ग. स्थानीय समुदायका स्थानीय आवश्यकताहरुलाई पुर्ति गर्नका लागि स्थानीय व्यक्ति, संघ/संस्था वा सामुदायिक संस्थावाट प्राप्त भएको प्रस्तावहरु,

घ. कार्यपालिकाले आयोजना रणनीतिक महत्वको छ भनी स्वीकार गरेमा,

३. समितिले उपदफा (१) वमोजिम सोझै प्राप्त भएको प्रस्तावलाई पुनरावलोकन गर्दा आकर्षक र लाभदायी भएमा यस्तो प्रस्ताव पेश गर्ने प्रस्तावकलाई सम्भाव्यता अध्ययन प्रतिवेदन पेश गर्न लागाउन सक्नेछ तर उपदफा (२) को खण्ड (क) वमोजिमको अवस्था भएमा पुन:सम्भाव्यता अध्ययन गराउन आवश्यक हुने छैन ।

४. उपदफा (३) वमोजिम सम्भाव्यता अध्ययन प्रतिवेदन अध्ययन गर्दा सो आयोजनावाट सार्वजनिक हित हुने देखिएमा समितिले कार्यपालिकाको सैद्धान्तिक सहमतिका लागि पेश गर्नेछ ।

५. उपदफा (३) वमोजिम कार्यपालिकाले आयोजना अघि वढाउन सैद्धान्तिक सहमति दिएमा समितिले उक्त आयोजनाको उपयुक्तताको लेखाजोखा गर्नुपर्नेछ ।

६. उपदफा (५) वमोजिम उपयुक्तताको लेखाजोखा सम्पन्न गरेपश्चात समितिले उक्त आयोजना कार्यान्वयनको लागि यस ऐन वमोजिम प्रस्ताव आह्वान गर्नेछ ।

७. दफा (१०) वमोजिमको प्रस्तावमा सोझै प्रस्ताव पेश गर्ने प्रस्तावक पनि सहभागी हुन सक्नेछ ।

८. उप-दफा (६) वमोजिम प्राप्त भएका प्रस्तावकहरुको मूल्यांकन भएपछि छनौट भएको योग्य प्रस्तावकले कबुल गरेको सर्तहरुसँग सोझै प्रस्ताव पेश गर्ने प्रस्तावक मन्जुर भएमा सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकलाई छनौट गरी आयोजना कार्यान्वयन गरिनेछ ।

९. सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकले भाग नलिएमा वा निजले छनौट योग्य प्रस्तावकको प्रस्ताव अनुसार काम मन्जुर नगरेमा प्रस्तावकलाई उक्त आयोजना कार्यान्वयन गर्न दिइने छैन ।

१०.सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकले प्रस्तावमा सहभागी भएको तथा छनौट योग्य प्रस्तावक हुन नसकेको र छनौट योग्य प्रस्तावकले गरेको प्रस्ताव पनि स्वीकार नगरिएको अवस्थामा छनौट योग्य प्रस्तावकले प्रस्ताव आवहानको लिखितमा उल्लेख गरिएको सम्भाव्यता अध्ययनमा भएको खर्च वापत रकम त्यसरी सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकलाई भुक्तानी गर्नु पर्नेछ ।

११.सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकले आयोजना कार्यान्वयन गर्न पाएमा निजले छनौट योग्य प्रस्तावकलाई प्रस्ताव आव्हानको लिखतमा उल्लेख गरिएको सम्भाव्यता अध्ययनमा भएको खर्च वापतको रकम भुक्तानी गर्नुपर्नेछ ।

१२.सोझै प्रस्ताव पेश गर्ने प्रस्तावक एकजनाले मात्र प्रस्तावमा सहभागी भएमा प्रस्ताव आह्वानको लिखतमा उल्लेखित शर्तहरुको आधारमा प्रस्तावकको प्रस्ताव स्वीकृत गर्न सकिनेछ ।

१३.उप-दफा (३) मा उल्लेखित अवस्थामा पनि सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकको प्रस्ताव स्वीकृत नभएमा कार्यपालिकाको सम्भाव्यता अध्ययन गर्दा लागेको पुर्व निर्धारित खर्च भुक्तानी गर्नेछ ।

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

… कार्यपालिकाको … बहादुर, … प्रदेश, नेपाल २०७३

१४.माथिका उप-दफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) को खण्ड (क) वमोजिमको आयोजनाको अनुमानित लागत दश लाख रुपैया भन्दा वढी नभएमा समितिले सोझै वार्ताको माध्यमबाट प्रस्तावकलाई त्यस्तो आयोजना कार्यान्वयन गर्न अनुमति दिन सक्नेछ ।

**(१७) वार्ताद्वारा आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न सक्ने :**

१. यस ऐनमा अन्यत्र जेसुकै लेखिएको भएतापनि कुनै निजी निकाय वा व्यक्तिले विस्तृत सम्भाव्यता अध्ययन नभएको आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न समिति समक्ष निवेदन दिन सक्नेछ ।

२. उपदफा (१) वमोजिम परेको निवेदन उपर आवश्यक जाँचवुझ गर्दा विस्तृत सम्भाव्यता अध्ययन गर्न अनुमति दिन मनासिव देखिएमा समितिले निवेदक संग वार्ता गरी त्यस्तो आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न गराउन अनुमति दिन सक्नेछ ।

३. उपदफा (२) वमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउदा लागेको खर्च त्यस्तो विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने व्यक्ति स्वयंले व्यहोर्नुपर्नेछ ।

४. यस दफा वमोजिम विस्तृत सम्भाव्यता अध्ययन गरिएको कुनै आयोजनाको कार्यान्वयनका लागि प्रतिस्पर्धा गराउदा उपदफा (२) वमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने व्यक्ति छनौट हुन नसकेमा निजले सो आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउदा लागेको खर्च त्यस्तो आयोजनाको कार्यान्वयनको लागि छनौट भएको प्रस्ताव स्विकृत हुने व्यक्तिले वेहोर्नुपर्नेछ ।

**(१८) समझदारी-पत्र गर्न सक्ने :** दफा (१४)वमोजिम प्रस्ताव छनौट गरेपछि वा दफा (१५)को उपदफा (५) वमोजिम मांग गरिएको विवरणको आधारमा आयोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा समितिले प्रस्तावक संग आयोजनाको कार्यान्वियन गर्ने सम्वन्धमा समझदारी-पत्र सम्पन्न गर्न सक्नेछ । तर परियोजनाको प्रकृति हेरी प्रस्तावकसंग प्रारम्भिक आयोजना सम्झौता गर्न सक्नेछ ।

**(१९) परियोजनाको विवरण पेश गर्नुपर्ने :**

१. दफा (१८) वमोजिम समझदारी-पत्र वा प्रारम्भिक आयोजना सम्झौता गरेकोमा सो समझदारी-पत्र वा प्रारम्भिक आयोजनामा नगरेमा आयोजनाको प्रकृति हेरी ६ महिनामा नवढ्ने गरी समितिले तोकिएको समयावधि भित्र आयोजना कार्यान्वयन सम्वन्धी तोकिए वमोजिमका विवरणहरु समितिसमक्ष पेश गर्नुपर्नेछ ।

२. उपदफा (१) वमोजिम अवधि भित्र प्रस्तावकले यस्तो विवरण पेश गर्न नसक्ने कुनै मनासिव कारण देखाई समयअवधि भित्र थपको लागि समिति समक्ष निवेदन दिएमा समितिले वढिमा तीन महिना दिनको समय अवधि थप गरिदिन सक्नेछ ।

**(२०) रद्द गर्न सक्ने :**

१. यस दफा (१९) बमोजिमको समयावधि भित्र अनुमति प्राप्त व्यक्तिले सम्झौता बमोजिम परियोजना कार्यान्वयन प्रारम्भ नगरेमा वा यो ऐन वा यस अन्तर्गत बनेको निर्देशिका वा सम्झौता विपरित कुनै काम गरेमा प्रस्तावक संग समझदारी-पत्र वा प्रारम्भिक आयोजना सम्झौता गरेको भए यस्तो

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

समझदार-पत्र वा प्रारम्भिक आयोजना सम्झौता र समझदारी-पत्र वा प्रारम्भिक आयोजना सम्झौता नगरेको भए निजको प्रस्ताव रद्द गर्न सक्नेछ ।

२. उपदफा (१) वमोजिम समझदारी-पत्र, प्रारम्भिक आयोजना पत्र वा प्रस्ताव रद्द भएमा प्रस्तावकले कुनै किसिमको हानी नोक्सानी वापतको क्षतिपूर्ती दावी गर्न पाउने छैन ।

(२१) **सार्वजनिक खरिद कानुन आकर्षित नहुने :** यस ऐन वमोजिमको आयोजनाको पहिचान, निजी निकायको छनौट, स्वीकृति, अनुगमन तथा कार्यान्वयन यसै ऐनको व्यवस्था वमोजिम हुनेछ । यसमा सार्वजनिक खरिद सम्वन्धी प्रचलित कानुनको व्यवस्था लागु हुने छैन ।

## परिच्छेद-३

## अनुमति-पत्र सम्बन्धी व्यवस्था:

(२२) **सम्झौता गर्ने :**

१. दफा (१९) वमोजिम प्राप्त विवरणको आधारमा प्रस्तावकसंग सम्झौता गर्न उपयुक्त देखिएमा समितिले प्रस्तावक संग आवश्यकता अनुसार वार्ता गरी सम्झौता गर्नेछ ।

२. उपदफा (१) वमोजिमको सम्झौतामा प्रमुख प्रशासकीय अधिकृतले हस्ताक्षर गर्नेछ ।

३. प्रस्तावकले दफा (१९) को उपदफा (१) वमोजिमको विवरण सम्झौतामा लेखिएको अवधिभित्र पेश गर्नुपर्नेछ । सो अवधिभित्र प्रस्तावकले विवरण पेश गर्न नसकेमा प्रस्तावक संगको सम्झौता स्वत:रद्द भएको मानिनेछ ।

४. उपदफा (१) बमोजिम गरिएको सम्झौताको ढाँचा तोकिए बमोजिम हुनेछ ।

(२३) **सम्झौतामा खुलाउनु पर्ने कुराहरु :** परियोजनाको प्रकृति अनुसार सम्झौतामा देहायका मध्येबाट आवश्यक वा कुराहरु खुलाउनु पर्नेछ ।

क. आयोजनाको विवरण,

ख. आयोजना कार्यान्वयन शुरु गर्ने मिति र सम्पन्न मिति,

ग. आयोजनाको निर्माण वा सञ्चालन गर्दा अनुमति-पत्र प्राप्त व्यक्तिले पाउने सुविधा तथा सहुलियत सम्वन्धि कुरा,

घ. अनुमति-पत्रको अवधि,

ङ. आयोजना कार्यान्वयनको चरणवद्ध विवरण र कार्यान्वयन तालिका,

च. आयोजनाको प्राविधिक गुणस्तर तथा स्टाण्डर्ड,

छ. आयोजना सञ्चालन सम्वन्धि विवरण,

ज. जोखिमको वाँडफाँड र आयोजना अवधिमा जोखिम व्यवस्थापन गरिने विधि, कार्यसम्पादनमा आधारित भुक्तानी सम्वन्धी व्यवस्था, कार्य सम्पादनका मुल्यांकनका वस्तुगत आधार र मापदण्ड,

झ. आयोजनाको अनुगमन प्रकृया सम्वन्धि विवरण,

ञ. आयोजना लिजमा दिएको भए सो को विवरण र लिजका शर्तहरु,

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

ट. आयोजना सञ्चालन वा हस्तान्तरण शर्त,

ठ. आयोजना सञ्चालन गर्दा उपभोक्ता संग लिन पाउने शुल्क सम्वन्धि व्यवस्था,

ड. आयोजनाको विमा सम्वन्धि व्यवस्था,

ढ. आयोजनामा जडित मेशिन तथा आयोजना हस्तान्तरणका बखत हुनु पर्ने अवस्था र गुणस्तर,

ण. नगरपालिकालाई बुझाउनु पर्ने रोयल्टी र भुक्तानी विधि,

त. आयोजना कार्यान्वयन गर्दा कुनै पक्षले सम्झौता वमोजिमको दायित्व पुरा नगरेको कारणवाट मार्का पर्ने पक्षले प्राप्त गर्ने क्षतिपूर्ति भराउने, सम्झौता उलंघन गर्ने पक्षले व्यहोर्नु पर्ने दायित्व तथा सम्झौता रद्ध हुने व्यवस्था,

थ. काबुवाहिरको परिस्थिति सम्वन्धि व्यवस्था,

द. सूचना आदान प्रदान सम्वन्धि व्यवस्था,

ध. कानुनमा हुने परिर्वतनवाट निजी निकायलाई कुनै विशेष संरक्षण दिइने भए सो सम्वन्धि व्यवस्था,

न. लागू हुने कानुन, विवाद सामाधानको संयन्त्र, विधि र प्रकृया,

प. सम्भाव्यता न्यून परिपुर्ति सम्वन्धि व्यवस्था,

फ. आयोजनामा स्थानीय सरकारको कुनै लगानी हुने भए त्यस्तो लगानी र सो वापत स्थानीय सरकारको प्राप्त गर्ने शेयर वा अन्य उपकरण,

ब. अन्य आवश्यक कुराहरु,

(२४) **कार्यसम्पादन जमानत सम्वन्धी व्यवस्था :** प्रस्तावकले कार्यसम्पादन जमानत वापत आयोजनाको कुल लागतको शुन्य दशमलव पाँच प्रतिशत (०.५) भन्दा कम नहुने गरी सम्झौतामा लेखिए बमोजिमको रकम वा सो बराबरको बैंक ग्यारेण्टी तोकिएको अवधिका लागि सानिसा इकाई समक्ष दाखिला गर्नु पर्नेछ ।

(२५) **अनुमति-पत्र प्रदान गरिने:** दफा (२२) बमोजिम सम्झौता गरेपछि नगरपालिकालेप्रस्तावकलाई आयोजनाको कार्यान्वयन गर्न तोकिए बमोजिमको ढाचाँमा अनुमति-पत्र दिनेछ ।

(२६) **रीत पुगेको मानिने :**

१. प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम समितिबाट आयोजना स्वीकृत भई दफा (२५) बमोजिम अनुमति-पत्र प्राप्त गरेकोमा त्यस्तो अनुमति-पत्र प्रचलित कानूनको रीत पुर्‍याई जारी भएको मानिनेछ,

२. उपदफा (१) बमोजिम जारी भएको अनुमति-पत्रका शर्तहरु उपर अनुमति-पत्र वहाल रहेको अवधिभर प्रतिकुल हुने गरी सभा वा कार्यपालिकाबाट कुनै कानुनी, प्रशासनिक वा नीतिगत व्यवस्था गरिने छैन र सम्झौता प्रतिकुल हुनेगरी गरिएको कुनै कानुन, प्रशासनिक वा नीतिगत व्यवस्था मान्य हुने छैन ।

(२७) **अन्य व्यक्ति वा संस्थालाई अनुमति-पत्र नदिइने :** आयोजनाको कार्यान्वयन गर्नको लागि कुनै क्षेत्रमा कुनै एउटा प्रस्तावकलाई अनुमति-पत्र दिइसकेपछि सम्झौता सोही क्षेत्रमा सो आयोजनालाई प्रतिकुल असर पर्ने गरि त्यस्तै किसिमको आयोजनाको कार्यान्वयन गर्न अन्य व्यक्तिलाई अनुमति-पत्र दिइने छैन ।

(२८) **अनुमति-पत्रको अवधि :**

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

१. अनुमतिपत्रको अवधि कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विशेष परिस्थिति परी अनुमति-पत्रको अवधि बढाउन आवश्यक भएको कारण खुलाई अवधि थपको लागि अनुमति-पत्र प्राप्त व्यक्ति वा संस्थाले निवेदन दिएमा र सो निवेदनको व्यहोरा मनासिव देखिएमा कार्यपालिकाले बढीमा ५ बर्षसम्म अनुमति-पत्रको अवधि थप्न सक्नेछ ।

३. अनुमतिपत्रको अवधि तोकिएको आधारमा निर्धारण गरिनेछ ।

**(२९) अनुमति-पत्र रद्द गर्न सक्ने :**

१. अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले सम्झौता बमोजिम परियोजना कार्यान्वयन प्रारम्भ नगरेमा वा यो ऐन वा यस अर्न्तगत बनेको नियम वा सम्झौता विपरित कुनै काम गरेमा समितिले अनुमति-पत्र प्राप्त व्यक्तिलाई सूचना दिई निजलाई दिइएको अनुमतिपत्र रद्द गर्न सक्नेछ ।

२. उपदफा (१) बमोजिम अनुमति-पत्र रद्द भएमा अनुमतिपत्र प्राप्त व्यक्तिसँग गरिएको सम्झौता स्वत: रद्द भएको मानिनेछ ।

३. यस दफा बमोजिम अनुमति-पत्र रद्द भएमा अनुमति-पत्र प्राप्त व्यक्तिले समिति सँग कुनै किसिमको दाबी गर्न पाउने छैन ।

**(३०) रोयल्टी बुझाउनु पर्ने :** रोयल्टी बुझाउने सम्झौता भएकोमा अनुमति-पत्र प्राप्त व्यक्तिले सम्झौता बमोजिमको रोयल्टी सम्झौतामा उल्लेखित तरिकाबाट खडक नगरपालिककालाई बुझाउनु पर्नेछ ।

**(३१) परियोजना हस्तान्तरण गर्नु पर्ने :**

१. अनुमति-पत्र प्राप्त व्यक्ति वा संस्थाले सम्झौतामा लेखिए बमोजिम नगरपालिकालाई परियोजना हस्तान्तरण गर्नु पर्नेछ ।

२. उपदफा (१) बमोजिम परियोजना हस्तान्तरण हुँदा त्यस्तो परीयोजनामा जडित मेशिन, उपकरण तथा संरचना सम्झौतामा लेखिएको बमोजिमको क्षमता, अवस्था र चालु हालतमा हुनुपर्नेछ ।

**(३२) स्थानिय तहको स्वामित्व हुने :** दफा (३१) बमोजिम हस्तान्तरण भएको आयोजना र सो सँग सम्बन्धित घर जग्गा तथा उपकरणको स्वामित्व नगरपालिकाको हुनेछ ।

## परिच्छेद-४
## लगानी सम्बन्धी व्यवस्था

**(३३) अनुमति-पत्र प्राप्त व्यक्तिले लगानी गर्नुपर्ने :**

१. सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक परीयोजना, आयोजना कार्यान्वयन गर्ने अनुमति-पत्र प्राप्त व्यक्ति, संस्था वा समूहले लगानी गर्नुपर्नेछ ।

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

२. अनुमति-पत्र प्राप्त व्यक्ति, व्यक्ति, संस्था वा समूहले परियोजना, कार्यक्रम अर्न्तगतको घर, जग्गा वा मुख्य मेशिन उपकरण धितो राखी ऋण लिदा समितिको स्वीकृति लिनु पर्नेछ । तर नगरपालिकाले उपलब्ध गराएको घर जग्गा वा अन्य सम्पत्ति धितोमा राख्न पाइने छैन ।

**(३४) नगरपालिकाले संयुक्त लगानी गर्न सक्ने :**

१. देहायका आधारहरु विधमान भएमा मात्र नगरपालिकाले आयोजनामा शेयर पूँजी लगानी गर्नेछ ।

क आयोजनाको आर्थिक सम्भाव्यता वृद्धि हुने भएमा,

ग लगानीकर्तालाई सहज वातावरण सिर्जना हुने भएमा,

घ आयोजनाको उचित अनुगमनका लागि शेयर लगानी आवश्यक हुने भएमा ।

२. उपदफा (१) मा उल्लेखित आधार र कारणबाट औचित्य पुष्टि हुने भएमा विशेष अबस्थामा नगरपालिकाले पच्चीस प्रतिशतमा नबढने गरी आयोजनामा शेयर पूँजी लगानी गर्न सक्नेछ ।

३. उपदफा (२) बमोजिमको आयोजना कार्यान्वयन गर्ने निजीनिकायले नगरपालिकाको हिस्सा लिन चाहेमा परियोजनाको प्रचलित मूल्यमा हिसाब गरी सम्झौता पत्रमा उल्लेख गरिए अनुरुप दिन सकिनेछ ।

**(३५) अन्य व्यक्ति सँग सम्झौता गर्न सक्ने :**

१. आयोजना सम्झौताका शर्तका अधिनमा रही अनुमति-पत्र प्राप्त व्यक्ति, संस्था वा समूहले आयोजना, परियोजना वा कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा लगानी प्राप्त गर्न वा परीयोजना बमोजिमको कुनै काम कुनै ब्यक्तिबाट गराउने गरी अन्य व्यक्तिसंग सम्झौता गर्न सक्नेछ । तर त्यसरी सम्झौता भएको कारणले आयोजना कार्यान्वयन गर्ने दायित्वबाट निजले छुटकारा पाउने छैन ।

**(३६) भुक्तानी सम्झौता गर्न सक्ने :** अनुमति-पत्र प्राप्त व्यक्ति वा संस्थाले आयोजना निर्माण गरी स्थानीय तहलाई हस्तान्तरण गर्ने गरी वा दफा (३९) बमोजिमको शुल्क नउठाई अन्य रुपमा आयोजनामा गरेको लगानी फिर्ता पाउने गरी दफा (२२) बमोजिम सम्झौता भएकोमा कार्यपालिकाले एकमुष्ट रुपमा वा किस्ताबन्दीमा त्यस्तो रकम भुक्तानी पाउने गरी सम्झौता गर्न सक्नेछ ।

**(३७) सम्भाव्यता न्युन परिपूर्ति कोष :**

१. नगरपालिकाले सम्भाव्य आयको तुलनामा लागत बढी हुने आयोजनालाई अनुदान उपलब्ध गराउन सम्भाव्यता न्युन परिपूर्ति कोष खडा गर्न सक्नेछ ।

२. केन्द्रीय स्तरमा जारी भएको कानूनको कारण स्थानीय स्तरमा कार्यान्वयन हुने आयोजनाले सम्भाव्यता न्यून परिपूर्ति कोषको सुबिधा पाउने अवस्थामा सोही बमोजिम आयोजनालाई अनुदान उपलब्ध गराउन सहयोग गरिनेछ ।

३. सम्भाव्यता न्युन परिपूर्ति कोषको स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-५
## अनुमति-पत्र प्राप्त व्यक्तिको अधिकार तथा सुविधा :

**(३८) स्थानीयकरण नगरिने :**

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

अनुमति-पत्रको अवधिभर कुनै पनि आयोजना र सो सँग सम्बन्धित जग्गा, उपकरण तथा संरचना स्थानीयकरण गरिने छैन ।

**(३९) शुल्क उठाउन पाउने :**

१. अनुमति-पत्र प्राप्त ब्यक्तिले आफुले निर्माण वा सञ्चालन गरेको आयोजनाबाट सेवा सुविधा उपलब्ध गराए बापत उपभोक्तासंग शुल्क उठाउन सक्नेछ ।

२. आयोजना सम्झौतामा उपदफा (१) बमोजिमको शुल्क सम्झौतामा उल्लेख भए बमोजिम नगरपालिकाको सहमति बमोजिम समय समयमा पुनरावलोकन गर्ने ब्यवस्था राख्न सकिनेछ ।

**(४०) घर जग्गा आदिमा प्रवेश गर्न सक्ने :**

१. आयोजना कार्यान्वयन गर्दा अनुमति-पत्र प्राप्त ब्यक्तिले कुनै घर, जग्गा, उधोग, कलकारखाना आदिको भौगोलिक तथा वैज्ञानिक सर्वेक्षण तथा नाप नक्शा गर्न, माटो लगायत अन्य प्रकृतिक स्रोत र साधनको परीक्षण तथा नाप नक्शा गर्न, माटो लगायत अन्य प्राकृतिक स्रोत र साधनको परीक्षण गर्न त्यसको लागि आवश्यकता अनुसार उपकरण जडान गर्न तथा उपकरणको प्रयोग गर्न, जग्गा छुट्याउन, साँध, किल्ला खडा गर्न वा निशाना लगाउने प्रयोजनको लागि सम्बन्धित धनिलाई अग्रिम सूचना दिई घर जग्गा आदिमा प्रवेश गर्न सक्नेछ ।

२. उपदफा (१) बमोजिम घर, जग्गा आदिमा प्रवेश गर्दा सो जग्गामा लगाएको बाली वा रुख बिरुवा, फल काटनु, उखेल्नु, टिप्नु परेमा वा जग्गामा रहेमा कुनै छेकबार, पर्खाल, गोदाम, घर तथा टहरा, कुनै मेशिनरी, औजार आदि हटाउनु, भत्काउनु वा लगाउनु परेमा सोको मनासिब क्षतिपूर्ति सम्बन्धित धनीलाई दिई अनुमति-पत्र प्राप्त व्यक्तिले सो गर्न सक्नेछ ।

३. उपदफा (१) बमोजिम घर जग्गा आदिमा प्रवेश गर्दा सम्भव भएसम्म सम्बन्धित धनी, सरोकारवाला व्यक्ति तथा सोको कारणबाट प्रभावित हुने व्यक्तिको उपस्थितमा प्रवेश गर्नु पर्नेछ

**(४१) घर जग्गाको प्रयोग गर्न वा कुनै निर्माण गर्न वा कुनै काम गर्न निषेध गर्न सक्ने :**

१. परियोजना कार्यान्वयनको चरणमा परियोजना स्थल र त्यसको निश्चित दूरीमा पर्ने घरजग्गा अरु कसैले कुनै खास कामको निमित्त प्रयोग गर्न वा सो जग्गामा कुनै निर्माण गर्न वा अन्य कुनै काम गर्न नपाउने कुरा सम्झौतामा लेखिएकोमा वा त्यस्तो घर जग्गा सो कामको निमित्त प्रयोग गर्न वा त्यस्तो घर जग्गामा कुनै निर्माण गर्न वा अन्य कुनै काम गर्न निषेध गरी पाउन अनुमति-पत्र प्राप्त ब्यक्तिले समिति समक्ष निवेदन दिएमा, त्यसरी दिएको निबेदनका ब्यहोरा मनासिब देखिएमा समितिले प्रचलित कानून बमोजिम त्यस्तो घरजग्गा सो बमोजिम प्रयोग गर्न वा कुनै निर्माण गर्न वा कुनै काम गर्न नपाउने गरी निषेध गर्न सक्नेछ । तर त्यसरी निषेध गरेको कारणबाट सम्बन्धित व्यक्तिलाई पर्न गएको हानि नोक्सानी बापतको क्षतिपूर्ति अनुमति-पत्र प्राप्त ब्यक्तिले ब्यहोर्नु पर्नेछ ।

२. उपदफा (१) बमोजिम दिइने क्षतिपूर्ति निर्धारण गर्नको लागि स्थानीय उपभोक्ताको प्रतिनिधित्व हुने गरी तोकिए बमोजिमको एक क्षतिपूर्ति निर्धारण समिति रहनेछ र सो समितिले सम्बन्धित ब्यक्तिलाई वास्तविक रुपमा पर्न गएको हानि नोक्सानीको मूल्याङ्कन गरी क्षतिपूर्ति निर्धारण गर्नेछ ।

३. उपदफा (२) बमोजिम निर्धारण गरिएको क्षतिपूर्तिको रकममा चित्त नबुझ्ने व्यक्तिले सो निर्णयको जानकारी प्राप्त गरेको मितिले पैंतीस दिन भित्र समिति समक्ष उजुरी गर्न सक्नेछ ।

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

४. उपदफा (३) बमोजिम परेको उजुरी उपर नब्बे (९०) दिन भित्र निर्णय गरिसक्नु पर्नेछ र सो उजुरीका सम्बन्धमा समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

**(४२) घर जग्गा प्राप्त गरिदिने :**

१. अनुमति-पत्र प्राप्त व्यक्तिले परियोजना कार्यान्वयनको लागि आवश्यक पर्ने घर जग्गा आफैले खरिद गरी वा अन्य रुपमा व्यवस्था गर्नु पर्नेछ ।

२. अनुमति-पत्र प्राप्त व्यक्तिले उपदफा (१) बमोजिम खरिद गर्न वा अन्य रुपमा व्यवस्था गर्न नसकेमा वा सम्झौतामा कुनै घर जग्गा प्राप्त गर्नु उल्लेख भएमा समितिले अनुमति-पत्र प्राप्त व्यक्तिको अनुरोधमा त्यस्तो घर जग्गा प्रचलित कानून बमोजिम प्राप्त गरिदिनेछ ।

३. उपदफा (१) बमोजिम घर जग्गा प्राप्त गर्दा जग्गा धनीलाई दिनुपर्ने क्षतिपूर्ति सम्बन्धित अनुमति-पत्र प्राप्त व्यक्तिले व्यहोर्नु पर्नेछ ।

४. स्थानीय तहको स्वामित्वमा रहेको वा सार्वजनिक जग्गा परियोजना कार्यान्वयनको लागि आवश्यक भएमा समितिले कार्यपालिका लगायत नेपाल सरकारको स्विकृति लिनुपर्ने भएमा स्विकृती लिई त्यस्तो जग्गा सम्झौतामा लेखिए बमोजिम वा लिज वा बहालमा प्रयोग गर्न दिन सक्नेछ ।

**(४३) आयोजनाको सुरक्षा गर्न सक्ने :**

१. परियोजनाको सुरक्षा अनुमति-पत्र प्राप्त व्यक्ति आफैले गर्नु पर्नेछ ।

२. अनुमति-पत्र प्राप्त व्यक्तिले विशेष कारण देखाई परियोजनाको सुरक्षाको लागि समिति समक्ष अनुरोध गरेमा सो बापत लाग्ने खर्च अनुमति-पत्र प्राप्त व्यक्तिले व्यहोर्ने गरी त्यस्ता आयोजनाको सुरक्षाको व्यवस्था गर्न समितिले परियोजनाको सुरक्षाको लागि आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**(४४) सहयोग उपलब्ध गराउनु पर्ने :**

१. परियोजना कार्यान्वयन गर्दा समितिले अनुमति-पत्र प्राप्त व्यक्तिलाई सहयोग उपलब्ध गराउने, स्वीकृति दिनुपर्ने वा गरिदिनु पर्ने अन्य काम भए सम्झौतामा तकिए बमोजिम, तोकिएको अवधिभित्र उपलब्ध गराउनु पर्नेछ ।

२. परियोजना कार्यान्वयन गर्दा अनुमति-पत्र प्राप्त व्यक्तिले प्रचलित कानूनको प्रतिकुल नहुने गरी कुनै सहयोग मांग गरेमा सो बापत ब्यहोर्नु पर्ने खर्च र दायित्व अनुमति-पत्र प्राप्त व्यक्तिले व्यहोर्ने गरी सहयोग उपलब्ध गराउन लेखी पठाउन सक्नेछ ।

**(४५) विदेशी विनिमयको सुविधा :** परियोजना कार्यान्वयन गर्दा कुनै कारणले विदेशी मुद्रा आवश्यक भएमा अनुमति-पत्र प्राप्त व्यक्तिलाई आवश्यक विदेशी मुद्रा प्रचलित विनिमय दरमा प्रचलित कानून बमोजिम उपलब्ध गराउन सहजिकरण गराइनेछ ।

**(४६) बिष्फोटक पदार्थको प्रयोग :** परियोजना कार्यान्वयनको लागि विष्फोटक पदार्थको प्रयोग गर्नु परेमा संघिय कानुनको अधिनमा रही अनुमति-पत्र प्राप्त व्यक्तिको अनुरोधमा निजलाई प्रचलित कानुन बमोजिम बिष्फोटक पदार्थको प्रयोग गर्न अनुमति-पत्र दिन सहजिकरण गरिदिनेछ ।

**(४७) कानुन बमोजिमको सुबिधा पाउने :** यस ऐन बमोजिम अनुमति-पत्र प्राप्त गरी लगानी गर्नेले ऐनमा व्यवस्था भएकोमा सोही बमोजिम र नभएकोमा प्रचलित कानुन बमोजिम उधोगले पाउने सम्पूर्ण संरक्षण सुविधा, सहुलियत तथा छुट प्राप्त गर्नेछ ।

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

(४८) **सेवा सुविधाको शर्त तोक्न सक्ने :**

१. अनुमति-पत्र प्राप्त व्यक्तिले उपभोक्तालाई सेवा सुविधा उपलब्ध गराउँदा यस ऐन वा सम्झौताको अधिनमा रही आवश्यक शर्त तोक्न सक्नेछ ।

२. उपदफा (१) बमोजिम तोकिएका शर्त विपरित उपभोक्ताले सेवा सुविधा उपभोग गर्न पाउने छैन ।

## परिच्छेद-६

## समितिको गठन सम्बन्धी व्यवस्था

(४९) **समिति, उपसमिति तथा कार्यदल गठन गर्न सक्ने :**

(१) कार्यपालिकाले कार्यक्रमको प्रकृती हेरी व्यवस्थापन, समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्नको लागि समिति, उप-समिति, प्रविधिक समिति तथा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन गरिएका समिति, उप-समिति तथा कार्यदलका पदाधिकारी, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) अनुदान मार्फत संचालन गरीने कार्यक्रम कार्यान्वयनको लागि नगरपालिकाले आवश्यक नियम, कार्यविधि, निर्देशिका वा मापदण्ड बनाई अनुदान उपलब्ध गराउन सक्नेछ ।

(५०) **सानिसा समितिको गठन :**

१. विकास र निर्माणमा सार्वजनिक निजी साझेदारी तथा निजी लगानी परिचालनलाई प्रोत्साहन तथा व्यवस्थापन, प्रस्तावदाता छनौट गर्ने तथा आयोजना सम्झौता गर्ने कार्यको लागि देहायको सार्वजनिक निजी साझेदारी प्रबर्धन समिति गठन हुनेछ ।

क. कार्यपालिकाको प्रमुख - अध्यक्ष

ख. कार्यपालिकाको उपप्रमुख - उपाध्यक्ष

ग. नगरसभाका सदस्यहरु मध्येबाट १ जना महिला सहित कार्यपालिकाले मनोनित गरेको ३ जना -सदस्य

घ. प्रमूख प्रशासकीय अधिकृत - सदस्य

ङ. आवस्यकता अनुसार विषयगत क्षेत्रको विभागिय/महाशाखा प्रमुख -सदस्य

च. निजी क्षेत्रबाट कार्यपालिकाले मनोनित गरेको १ जना बिषय बिज्ञ समेत २ जना -सदस्य

छ. कार्यपालिकाको प्रमुखले तोकेको कम्तिमा अधिकृत तहको कर्मचारी मध्ये एक जना सा.नि.सा.इकाई प्रमूख -सदस्य सचिव

२. समितिले सम्बन्धित वडा प्रतिनिधि, सम्बन्धित विषयमा अनुभव भएको तथा विशेष ज्ञान हासिल गरेको कुनैव्यक्ति तथा सरोकारवालालाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

३. पूर्वाधार विकास र निर्माणमा सार्वजनिक निजी साझेदारी तथा निजी लगानी परिचालन गर्ने स्विकृती निर्णय भएअनुसार सदस्य सचिवले दिनेछ ।

४. समितिको कार्यविधि र निर्णय सम्वन्धि व्यवस्था तोकिए वमोजिम हुनेछ ।

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

(५१) **समितिको बैठक र निर्णय :**

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समिति वैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समिति वैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपाध्यक्षले समितिको वैठकको अध्यक्षता गर्नेछ ।

(४) वैठकमा बहुमताको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) समितिको बैठक समबन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(५२) **समिति, उपसमिति वा कार्यदल गठन गर्न सक्ने :**

१. कार्यपालिका अथवा सार्वजनिक निजी साझेदारी प्रबर्धन समितिलाई ऐन र ऐन अन्तर्गत संचालित योजना, परियोजना कार्यक्रमको पहिचान देखि अनुगमन, मूल्याँकन गर्ने सम्मको प्रयोजनमा सघाउ पुऱ्याउन कुनै समिति, उपसमिति वा कार्यदल गठन गर्न आवश्यक छ भन्ने लागेमा कार्यपालिका अथवा सानिसा समितिले आवश्यक प्रकृया पुऱ्याई त्यस्तो समिति, उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

२. उपदफा (१) बमोजिम गठित समिति, उपसमिति वा कार्यदलको जिम्मेवारी तोकिए बमोजिम हुनेछ । यसले आफ्नो कार्यविधि आफै तय गर्नेछ ।

(५३) **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्न सक्ने :**

१. समितिले आफै वा उप-समिति, कार्यदल वा विषेशज्ञ मार्फत परीयोजना अथवा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने वा पनि गराउन सक्नेछ ।

२. उपदफा (१) बमोजीम परियोजना अनुगमन गर्ने शिलशिलामा समितिले कार्यकम, परियोजना कार्यान्वयनको समबन्धमा आवश्यक निर्देशन दिन सक्नेछ ।

३. उपदफा (२) बमोजिम दिएको निर्देशनको पालन गर्नु सम्बन्धित अनुमति-पत्र प्राप्त ब्यक्ति वा संस्थाको कर्तब्य हुनेछ ।

(५४) **अधिकार प्रत्यायोजन :** यस ऐनमा अन्यत्र जेसुकै लेखिएको भएता पनि कार्यपालिका अथवा सार्वजनिक निजी साझेदारी प्रबर्धन समितिले कामको प्रकृति हेरेर आफुलाई प्राप्त मध्ये केही अधिकार मातहतको कुनै समिति, उप-समिति वा कार्यदललाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

## परिच्छेद-७
## साझेदारी कार्यकमको वित्तिय व्यवस्थापन, प्रगति प्रतिवेदन तथा भुक्तानी

(५५) **वित्तिय व्यवस्थापन, प्रगति प्रतिवेदन तथा भुक्तानी**

(१) नगरपालिकाकोसाझेदारहरुलाई कार्यकम संचालन गर्नका तोकिए बमोजिम पेश्की उपलब्ध गराउन सक्नेछ । आर्थिक प्रतिफलको आशा नराखी आउने साझेदारलाई कार्यकम संचालन गर्नको लागि पेश्की प्रदान गर्दा पेश्की जमानत आवश्यक पर्नेछैन । तर, आर्थिक प्रतिफलको आशा राखी साझेदारी गर्ने साझेदारको हकमा भने नगरपालिकाले पेश्की माग गर्न सक्नेछ ।

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

(२) साझेदारी कार्यक्रमको प्रकृति र आवश्यकता अनुसार भौतिक तथा वित्तिय प्रगति प्रतिवेदन बिल भर्पाइ समेतका साथ पेश गर्नुपर्नेछ ।

(३) प्रतिवेदन पेश गर्ने ढाँचा तोकिएबमोजिम हुने र समयावधि सम्झौता बमोजिम हुनेछ ।

(४) साझेदारी कार्यक्रमको भुक्तानी गर्ने समय तथा प्रकृया दफा १८ अनुसार सम्पन्न गरिएको साझेदारी सम्झौता पत्रमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-८
## विविध:

**(५६) गैरसरकारी वा स्थानीय सामुदायिक संघ-संस्था मार्फत आयोजना कार्यान्वयन गर्न सकिने :** तोकिएको रकम सम्मको परियोजना कार्यान्वयन गर्नु पर्दा उपलब्ध भए सम्म स्थानीय गैरसरकारी संस्था वा स्थानीय सामुदायिक संस्थालाई पहिलो प्राथमिकता दिई कार्यान्वयन गर्न सकिनेछ ।

**(५७) संघ, प्रदेश वा अन्य स्थानीय सरकारसँग मिली आयोजना कार्यान्वयन गर्न सक्ने :** संघ वा प्रदेश वा अन्य स्थानीय तह तथा तिनको निकाय, समिति, बोर्ड, प्राधिकरण, कुनै विशेष उदेश्यको लागि ऐन बमोजिम स्थापित निकाय, संस्था सँगको सहकार्य र समझदारीमा यस ऐन अर्न्तगतको सार्वजनिक-निजी साझेदारी आयोजना कार्यान्वयन गर्न सकिनेछ ।

**(५८) गरीवी निवारण कार्यक्रम :**

१. सरकारले स्थानिय तहलाई हस्तान्तरण गरेको गरीवी निवारण कोषद्धारा संचालित कार्यक्रम अन्तर्गत गठन गरिएका सामुदायिक संस्थाहरुको निरन्तरता र दिगो व्यबस्थापनको लागि नगरपालिकाले आफै अथवा सार्वजनिक निजी साझेदारीमा गरीवी निवारण कोषका स्थानिय साझेदार संस्था संगको सहकार्यमा कार्यक्रमलाई अघि बढाईनेछ ।

२. कार्यक्रम संचालनको लागि छुट्टै कार्यविधि बनाईनेछ ।

२. उपदफा (१) बमोजिमको कार्यक्रम संचालन गर्न आवश्यक रकम सरकार संग माग गर्न सक्नेछ ।

**(५९) विवादको समाधान :**

(१) नगरपालिका र साझेदार बीच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद आपसी समझदारीबाट ३० दिनभित्र समाधान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समझदारीबाट विवाद समाधान नभएमा सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र नभएकोमा प्रचलित कानून बमोजिम हुनेछ ।

**(६०) क्षतिपूर्ति सम्बन्धि व्यवस्था :**

(१) परीयोजना कार्यान्वयन गर्ने सम्बन्धमा कुनै पक्षले यो ऐन वा ऐन अन्तर्गत बनेको नियम वा सम्झौता विपरीत कुनै काम गरेवाट अर्को पक्षलाई हानी नोक्सानी पर्न गएमा त्यसरी पर्न गएको हानी नोक्सानी वापतको रकम एक पक्षले अर्को पक्षलाई क्षतिपूर्ति वापत वुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्ति नगरपालिकाबाट व्यहोर्नु पर्ने भएमा त्यस्तो क्षतिपूर्ति वापतको रकम हिसाव गरी नगरपालिकाले अनुमतिपत्रको अवधि थप गर्न सक्नेछ ।

**(६१) लिज वा भाडामा दिन वा वेचविखन गर्न सक्ने :**

प्रमुख प्रशासकीय अधिकृत

१. नगरपालिकाले अनुमति प्राप्त व्यक्तिलाई नगरपालिकाको स्वामित्वमा रहेको वा हक लाग्ने कुनै घर वा जग्गा, मेसिन, औजार वा पुर्वाधार संरचना बिकी गर्न वा भाडामा दिन सक्नेछ ।

२. उपदफा (१) बमोजिम लिजमा दिदाका शर्तहरु सम्झौतामा उल्लेख भए बमोजिम हुनेछन् ।

(६२) **स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग गर्नु पर्ने :** साझेदारले कार्यक्रम कार्यान्वयन गर्दा सकेसम्म स्थानीय स्रोत, साधन, जनशक्ति र मुलुकभित्र उत्पादन हुने वस्तु तथा सेवा उपयोग गर्नु पर्नेछ ।

(६३) **आशय पत्र, प्रस्ताव तथा अध्ययन प्रतिवेदन माथि अधिकार कायम रहने :** प्रस्तावकले पेश गरेको आशय पत्र, प्रस्ताव र साथै पेश गरेको अध्ययन प्रतिवेदन उपर निजको अधिकार रहनेछ । प्रस्तावकको अनुमति विना पेश गरिएका कागजातहरु अन्य कुनै प्रयोजनमा प्रयोग वा प्रकाशन गरिने छैन ।

(६४) **नियम बनाउ सक्ने :** यस ऐनमा व्यवस्था भएका प्रावधानहरुको कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(६५) **कार्यविधि तथा निर्देशिका बनाउन सक्ने :** यस ऐनमा व्यवस्था भएका प्रावधानको कार्यान्वयन गर्न खडक नगरपालिकाले आवश्यक कार्यविधि, निर्देशिका वा मापदण्ड बनाउन सक्नेछ ।

(६६) **संशोधन तथा हेरफेर :** यस ऐनको कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

(६७) **बाधा अडकाउ फुकाउन र व्याख्या गर्न सक्ने :** यस ऐनको कार्यन्वयनमा कुनै समस्या उत्पन्न भएमा बाधा अडकाउ फुकाउने र व्याख्या गर्ने अधिकार नगरपालिकामा निहित हुनेछ ।

आज्ञाले

विजय कुमार मंडल

प्रमुख प्रशासकीय अधिकृत

**विजय कुमार मंडल**

प्रमुख प्रशासकीय अधिकृत